# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कपिलाकोट, सिन्धुली
बागमती प्रदेश, नेपाल

पत्र संख्याः-२०७९/०८०

## लम्पी स्कीन रोग सम्बन्धी सूचना

*(सूचना प्रकाशित मितिः-२०८०/०२/०२)*

गाई भैंसीमा महामारीको रुपमा देखा पर्दै गरेको Lumpy Skin disease (लम्पी स्कीन रोग) छिमेकी जिल्ला तथा आसपासका पालिकाहरुमा देखा परेको र यसैसँग मिल्दोजुल्दो लक्षण सहितको रोग मरिण गाउँपालिकामा तीब्र गतिमा देखा परेको हुँदा पशुपालक कृषकहरुलाई आवश्यक सतर्कता अपनाउन अनुरोध छ ।

**रोगका लक्षणहरुः-**

उच्च ज्वरो आउने (१०४°F), दाना पानी कम खाने, दुध उत्पादनमा तीब्र गिरावट आउने, छालामा साह्रो गोलो गिर्खाहरु टाउको, घाटि तथा शरीर भरि आउने, गिर्खा फुटेर घाउ हुने, मुख ओठ नाकमा घाउ देखिने, लिम्फ नोडहरु सुनिने र अन्त्यमा पशुको मृत्यु समेत हुन सक्ने ।

**उपचारः-**

यो रोगको प्रभावकारी उपचार नभएको र रोग लाग्न नदिनुनै यसको उत्तम उपचार हो ।

**रोकथाम तथा नियन्त्रणका उपायहरुः-**

- गोठ र मलखाधको दूरी कम्तीमा १० मिटर टाढा बनाउने,
- झिंगा, किर्ना, उपिया जस्ता किरा नियन्त्रणको लागि उपयुक्त किटनाशक तथा रसायनको प्रयोग गर्ने,
- पशु राख्ने गोठ वरपर सरसफाई तथा निसंक्रमण प्रक्रिया नियमित गर्ने,
- रोग देखा परेको १० किलोमिटर वरपर पशुहरुको किनबेच नगर्ने तथा नगराउने,
- भुसुना तथा लामखुट्टेबाट जोगाउन साँझमा गोठ घुवाउने,
- रोगी पशुहरु र निरोगी पशुहरु छुट्याउने,
- पशुहरुलाई समयमा नै खोप लगाउने,

२०८०/०२/०२

ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

*पुनश्च : पशुहरुलाई रोग देखा परेमा तुरुन्त मरिण गाउँ कार्यपालिका अन्तर्गत पशु बिकास शाखा, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सिन्धुली एवं भेटेरीनरी प्राविधिकहरुलाई सम्पर्क गर्नुहुन विशेष अनुरोध छ ।*

इमेलः info@marinmun.gov.np "नतिजामुखी प्रशासन समृद्धि र सुशासन" www.marinmun.gov.np